# <u>२५औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको मूल समारोह कार्यक्रम काठमाडौं महानगरपालिकामा गरिने</u>

पुष १८, काठमाडौं

२५औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको मूल समारोह यसपाली काठमाडौं महानगरपालिकामा गर्ने निर्णय भएको छ । यसअघि ललितपुर महानगरपालिकामा गरिएको थियो भने त्यसभन्दा अघि भक्तपुरमा गरिएको थियो ।



आज गृहमन्त्रालयमा माननीय उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको अध्यक्षतामा बसेको २५औं भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको बैठकले उक्त निर्णय गरेको हो । मूल समारोह समितिको सभापति काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह रहने र प्रमुख अतिथिका लागि प्रधानमन्त्री पुषपकमल दाहाल 'प्रचण्ड' लाई आग्रह गर्ने निर्णय भएको छ । प्रधानमन्त्रीको समय लिनका लागि बैठकले गृहमन्त्रीलाई जिम्मेवारी दिएको छ । बैठकमा प्रस्तावित यसपालीको नारामाथि आएका सुझावहरुको आधारमा गृह मन्त्रालयले अन्तिम नारा तय गर्ने भएको छ । बैठकमा ३ वटा नारा प्रस्तावित गरिएको थियो । बैठकले यीनै नाराका वरिपरि रहेर सुझाव दिन सम्बन्धित सरोकारवालाहरुलाई आग्रह गरेको छ ।

यसैगरी संघ, प्रदेश, जिल्ला प्रशासन कार्यालयहरु, स्थानीय तहहरुलाई समेत दिवस मनाउन पत्राचार गर्ने निर्णय पनि बैठकले गरेको छ । बैठकमा आफ्ना धारणा राखे क्रममा अधिकांशले भूकम्पबारे आम सर्वसाधारणलाई

सचेत गराउन र यसको जोखिमबारे गम्भिर बन्न बर्षैपिच्छे कुनै एकदिन सन्दर्भ पारेर सिमुलेसन अभ्यास (ड्रिल) को कार्यक्रम राख्नुपर्ने सुझाव दिएका थिए । बैठकमा माननीय गृहमन्त्री लामिछानेले 'नेपालमा भूकम्प सुरक्षा दिवसः वि.स. २०५५ सालदेखि २०७८ सालसम्मका विषयगत प्राथमिकताहरु' पुस्तक समेत सार्वजनिक गर्नुभएको थियो ।




वि.स. १९९० साल माघ २ गते नेपालमा आएको महाभूकम्पको सम्झनामा वि.स. २०५५ सालदेखि प्रत्येक वर्ष माघ २ गते राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाईदै आएको छ ।